# *मुक्त हरवाचरवाको पुनःस्थापनाको अवधारणा*

● *गणेश विश्वकर्मा*

'**मुक्त कमैया कम्लहरी मुक्त हलिया, हरवाचरवा सम्वन्धी वस्तुस्थिति अध्ययन समिति**'ले हरवाचरवा अस्तित्वमा रहेका मधेश प्रदेशका ८ वटै जिल्लाका २५ बढी स्थानमा अध्ययन गरिएको प्रतिवेदन गतः २०७९ बैशाख ९ गते नेपाल सरकारलाई बुझाएको थियो । प्रतिवेदन बुझाएको झण्डै ३ महीनापछि अर्थात २०७९ श्रावण २ गतेका दिन अध्ययन समितिको सिफारीशलाई कार्यान्वयन गर्न भूमिब्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयको पहलमा विद्यमान कमैया श्रम निषेध गर्न बनेको ऐन २०५८ अनुसार हरवाचरवाको मुक्ति र ऋण तथा कागजात खारेजीको ऐतिहासिक घोषणा सम्मानननीय प्रधानमन्त्री श्री शेरबहादुर देउबाज्यूबाट भएको थियो । सो घोषणा कार्यक्रम एउटा ऐतिहासिक महत्वको थियो । जसमा दर्जन बढी मन्त्रीहरु, २ दर्जन बढी सासदहरु, दर्जन बढी सचिवहरु, दर्जन बढी संवैधानिक आयोगका प्रतिनीधिहरु, कुटनीतिक क्षेत्रका प्रतिनीधिहरु, विभिन्न सरोकारवाला तथा अधिकारवालाहरु तथा संचारकर्मीहरुको ठूलो उपस्थिति रहेको थियो । सो कार्यक्रममा सम्ममाननीय प्रधानमन्त्रीले घोषणा गरेपछि राष्ट्रिय हरवाचरवा अधिकार मंचका केन्द्रीय अध्यक्ष दशनलाल मण्डललाई समर्थन मन्तव्य व्यक्त गर्न लगाइएको थियो । हरवाचरवाको पुनर्स्थापनाको एकीकृत प्याकेजसहित उनीहरुको मुक्तिको प्रभावकारी कार्यान्वयन गर्न न्यायिक पुनर्स्थापनाको कार्यलाई प्रभावकारी ढंगले अघि बढाउनु आजको ऐतिहासिक पाइला हुनेछ जसले नेपालमा सम्पूर्ण रुपमा सामन्ती भूदास प्रथा तथा बँधुवा श्रमको पुरापुर उन्मुलन हुनेछ । यसको सम्पूर्ण जस यस प्रदेश सरकार तथा यस प्रदेशका माननीय ज्यूहरुको नाम स्वर्ण अक्षरले लेखिनेछ । जसरी दलित सशक्तिकरण ऐन र दलित विकास समिति निर्माणमा युस प्रदेशले अग्रता लियो त्यसै गरी मधेश प्रदेशमा मात्र विद्यमान एक मात्र हरवाचरवाप्रथाको समूल अन्त्य गर्न सक्दा अर्को इतिहास कायम हुनेछ ।

**हरवाचरवाको हालको अवस्था :**

मधेश प्रदेशका ८ जिल्लामा ज्यालामा काम गर्ने गराउने चलन बढ्दो रहेपनि संविधान र कानुनले निषेध गरेको हरवाचरवाप्रथा अझै अस्तित्व रहेको छ । बिशेषतः ऋण र सानो टुक्रो जमिनकै लागि उनीहरू हरवाचरवा बस्ने चलन रहेको छ । बास तथा भूमिबिहीनता, रोजगारबिहीनता, चौतर्फी चरम गरिबी नै हरवाचरवा बस्नुको मूलकारण हुन् जसले व्यक्तिलाई हरवाचरवा बन्न बाध्य पार्दछ । ऋणका नाजायज र गैरकानुनी शर्त नै त्यो साधन हो जसले हरवाचरवालाई जिन्दगीभर बाँधा श्रमिक बन्न बाध्य पार्दछ । खान र औषधि उपचार गर्नका लागि अधिकांश हरवाचरवाहरू ऋण लिन बाध्य छन् । त्यो ऋणको साँवा सामान्यतया दोब्बरदेखि ३ दोब्बर बनाएर तमसुक बनाइने चलन अझै पनि ब्यापक देखिन्छ । हाल यो मिटर व्याजको रूपमा रूपान्तरण हुँदै गएको देखिन्छ । आमरुपमा ३६ देखि ६० प्रतिशतसम्म गृहत्‌कहाँ हरवाचरवा बसेपछि अर्को गृहत्‌कहाँ बढी ज्याला दिइएपनि काम गर्न पाइँदैन । यो नै उसको बँधुवा श्रमको स्थिति हो । धेरैजसो स्थानमा दिनको ५ किलो धान हरवाले पाइरहेको ज्यालाका रुपमा देखिएको छ जुन नगदमा बदल्दा झण्डै रु २०० जति हुन्छ । त्यसमा पनि महिला र पुरुषका ज्यालाका बीचमा काफी बिभेद रहेको देखिन्छ । हरवाचरवाबारे धनुषाको शहिदनगर, धनौजी र गाणेशनाथचारनाथमा सन् २०१९ मा गरिएको अध्ययन अनुसार ९० प्रतिशत हरवाचरवाले औषधि उपचारको उपाय र खानेकुरा नै नभएर ऋण लिन्छन् र हरवाचरवा नामक बँधुवा श्रमिक हुन बाध्य हुन्छन् । ७२ प्रतिशत हरवाचरवाले अन्यत्र ज्याला ज्यादा भए पनि काम गर्न जान पाउँदैनन् । वास्तवमा बँधुवा मजदुरपन भनेकै यही हो । हरेक पाँचमा दुई हरवाचरवाको आफ्नो उत्पादन भन्ने नै केही छैन । हरवाचरवामध्ये २७ प्रतिशतको निजी उत्पादनले केवल ३ महिना मात्र खान पुग्छ । ८८ प्रतिशत हरवाचरवाको बस्नका लागि कच्ची टहरो मात्र छ । २४ प्रतिशत

हरवाचरवाको ऐलानी जमिनमा टहरो रहेको छ र २७ प्रतिशतको गाउँ ब्लकमा घर रहेको छ । हरवाचरवामध्ये ७४ प्रतिशत मधेशका दलितहरु छन् । देश २१सौं शताब्दीमा पुगिसक्दा पनि ती पालिकामा हरेक पाँचमा एक नागरिक बँधुवा श्रमिक रहेका छन् भन्दा प्रदेशको मात्र होइन देशकै शिर नै लाजले निहुरेको छ । मुक्त घोषणापछि एकातिर हरवाचरवालाई आम भूमिहिन सुकुम्वासीको रूपमा परिभाषा गर्ने, हरवाचरवा छदैछैन भन्ने, उनीहरु बस्दै आएको जमिनबाट विकासको बहानामा विस्थापित गर्ने कार्य भइरहेको छ ।

**हरवाचरवाको मुक्ति र पुनर्स्थापनाको लागि प्रदेश सरकार तथा स्थानीय सरकारले गर्नुपर्ने कामहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ :**

उक्त घोषणालाई व्यवहारमा लागू गर्न सरकार तर्फबाट कमैया श्रमिकको पुनःस्थापना मस्यौदा कार्यबिधि र बाध्यकारी श्रम (निषेध र पुनःस्थापना गर्ने) सम्बन्धी विधेयक, २०७९ को मस्यौदा निर्माण भई समर्थनको लागि अर्थ तथा कानून मन्त्रालयमा पठाइएको थियो तर अर्थ मन्त्रालयबाट फिर्ता आएको भन्ने खबर प्राप्त भएको छ । तर यी दुई वटा कानूनमा हरवाचरवाले आफ्नो स्वामित्व ग्रहण गरेको अवस्था रहेको छ । मुक्त घोषणाको ९ महिना वितिसक्दा समेत पुनःस्थापनाको कुनै काम अगाडि बढेको छैन । यति मात्र होइन प्रदेश सरकार तथा स्थानीय सरकारलाई माथिबाट केही पत्र आएको छैन भन्ने जवाफ पाइने गरेको छ । त्यसैले तत्काल निम्न कामहरु गर्न जरुरी छ :

१. हरवाचरवाको पुनर्स्थापनाको लागि बिस्तृत कार्ययोजना र कार्यविधि प्रदेश मन्त्रीपरिषदबाट अविलम्व पारित हुनु आवश्यक देखिन्छ जसले भूमिहीन हरवाचरवालाई जीविकाको लागि पर्याप्त जोतिखाने भूमि प्रदान गरोस्, बासविहीन हरवाचरवालाई घर र बास प्रदान गरोस् ।
२. बैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारीबिहीन सबै हरवाचरवालाई ६ महीनाभन्दा लामो दीर्घकालीन प्रकारको सीपको तालिम, रु १ लाखको बीउ पुंजी र आवश्यक औजार प्रदान गरियोस । सबै हरवाचरवाको उच्च तहसम्म शिक्षा र आधारभूत स्वास्थ्य सेवाको ग्यारेण्टी गरियोस् ।
३. हरवाचरवाको हरेक बस्तीमा सडक, बिजुली, शुद्ध खानेपानी, विद्यालय, स्वास्थ्य चौकी र सिँचाइ जस्ता न्युनतम भौतिक पूर्वाधार पुऱ्याइयोस् ।
४. बहुआयामिक गरिबी निवारण कार्यक्रम सर्बप्रथम हरवाचरवाको बस्तीमा अविलम्व थालिनु आवश्यक छ किनकि आजको नेपालमा हरवाचरवाभन्दा गरिब र भूमिहीन कोही छैन । हरवाचरवा ऋण मुक्तिको मात्र घोषणा गरेर पुनर्स्थापनाको एकीकृत प्याकेज लागू गरिएन भने हरवाचरवा भोकभोकै मर्ने सम्भावना टड्कारो रहन्छ भन्ने कुरामा पनि प्रदेश सरकारको ध्यान बेलैमा आकर्षित हुन जरूरी छ ।
५. प्रदेश सरकार र स्थानीय तहलाई निर्देशित र परिचालित गरेर तुरुन्तै सुरु हुने गरी हरवाचरवाको लगत लिइ उनीहरूलाई क र ख बर्गको बर्गिकृत परिचय पत्र प्रदान गर्नु आवश्यक हुनेछ ।
६. विगत परम्परादेखि जमिन्दारहरुले आफ्नो खेति तथा कृषि कामका लागि ऋण दिएर वा विभिन्न रुपमा सपरिवार हरवाचरवाको बस्ति बसाएका थिए । सरकारी नापी हुंदा जमिन्दारहरुका जग्गा नापि भएपनि हरवाचरवाका जमिनहरु उनीहरुको नाममा नापी हुन सकेनन् र भुमिहिन भए । जमिन तथा बसाइको प्रमाण नभएका कारण आधाभन्दा बढी हरवाचरवाहरु नागरिकताबाट बंचित भए । नागरिकता नभएकै कारण उनीहरु राज्यबाट प्रदान हुने सामाजिक सुरक्षा तथा अवसरहरुबाट बन्चित हुँदै गए । आफ्नो नाममा जमिन नहुनु, नागरिकता लगायतका परिचयपत्र नभएकै कारण आज समय क्रममा जमिनको मूल्य बढ्दै जाँदा विकासको वहानामा उनीहरुलाई विस्थापित गरिदैछ । त्यस कार्यलाई तत्काल रोकि बैकल्पिक व्यवस्था गर्न आवश्यक देखिन्छ । अन्त्यमा आफ्नो प्रदेशमा रहेको यो विशिष्ट समस्यालाई संघीयताको पक्षधर यस प्रदेशले सबैभन्दा पहिलो प्राथमिकतामा राखेर समाधान गर्नुपर्दछ । कम्तिमा आउँदो नीति तथा कार्यक्रम र बजेटले हरवाचरवाको संबोधन हुनेछ भन्ने आशा गर्न सकिन्छ ।